# गीत

-उज्ज्वल जी.सी.

आँखाभित्र तिम्रो छायाँ हेर्न खोज्दा देखिँदैन
मुटुभित्र कतै पनि  तिम्रो  पाइला भेटिँदैन ।

सम्बन्धका रेखाहरु कसरी  हो  गाँसिएको
थाहा छैन मलाई कत्ति अनायासै भाँचिएको
मनको पीडा आँसुले लेख्न खोज्दा लेखिँदैन
मुटुभित्र कतै पनि  तिम्रो  पाइला भेटिँदैन ।

कसरी म घायल भएँ अविश्वासको रापले
जिन्दगी नै शिथिल भो  तिम्रा कटु श्रापले
दुर्भाग्यका लहरहरु छेक्न  खोज्दा छेकिँदैन
मुटुभित्र कतै पनि तिम्रो  पाइला  भेटिँदैन ।

oooooo